कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

**चैनपुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा

स्थाः २०७३

पत्र संख्याः-०७८/०७९

चलानी नं. २६८

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा १ नं. प्रदेश, नेपाल स्थाः २०७३

१ नं. प्रदेश, नेपाल

मितिः२०७८/०५/१७

**विषयः सूचना टास गरि जानकारी पठाउने सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू
चैनपुर नगरपालिका
सवै वडा कार्यालयहरु (१-११)

श्री जिल्ला अदालत
सङखुवासभा ।

श्री ईलाका प्रशासन कार्यालय
चैनपुर ।

श्री मालपोत कार्यालय
चैनपुर ।

यस कार्यालयलको मिति २०७८/०५/ १७ गते बिज्ञापन कर तथा हाटकर (बहाल बिटौरी कर) संकलन सम्बन्धि ठेक्का आह्वानको सूचना पाना संख्या ४ यसै पत्र साथ संलग्न छ । सो सूचना तहाँ कार्यालयको सूचना पाटिमा टास गरि जानकारी पठाई दिनुहुन अनुरोध छ ।

किरण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं.: ०२९-५७०१३१,०२९-५७००४९, वेबसाइट :chainpurmun.gov.np
ई-मेलःchainpurmun@gmail.com

कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
स्थाः २०७३
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-०७८/०७९
चलानी नं.

# विज्ञापन कर संकलन सम्बन्धि ठेक्का आह्वानको सूचना।

तेश्रो पटक प्रकाशित मिति :२०७८/०५/१७

स्थानीय सरकार संचालन ऐन २०७४एवं यस कार्यालयको निर्णय बमोजिम चैनपुर नगरपालिका अन्तर्गत आ.ब. २०७८/०७९ मा ३ बर्षको लागि तपशिल बमोजिमको आन्तरिक आय विज्ञापन कर संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, संस्थाहरुले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समय भित्र छुटाछुटै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. | शिलबन्धी दरभाउपत्र फारम बुझाउने अन्तिम समय र मिति | शिलबन्धी दलभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०५/२०७८/०७९ | चैनपुर नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन | ३ बर्ष | १५००००। भ्याट सहित | २०७८/०५/३१ गते कार्यालय समय भित्र | २०७८/०६/०१गते दिनको २:०० बजे |

१. शिलबन्दी दरभाउपत्र फारम निशुल्क यस कार्यालयबाट प्राप्त हुने छ। शिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले यस सूचनामा तोकीएको समय र मिति भित्र यस कार्यालयमा पेश गर्न सकिने छ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत बापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड चैनपुर शाखामा रहेको धरौटी खाता च.हि.न.२०३०१००३०३००००२ मा जम्मा वा कार्यालयमा नगदै बुझाएको रसिद भौचर संग्लन राखि पेश गर्नुपर्ने छ।

३. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ।

४. छुट्टाछुटै विषयको शिलबन्दी फारम छुट्टाछुटै खाम्मा शिलबन्दी गरी खामको बाहिर ठेक्काको बिषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ।

५. रितपुर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्र तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिने छ। तर दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएका शिलबन्दी दरभाउपत्र लाई मान्यता दिइने छैन।

७. शिलबन्दी बोलपत्र साथ बोलपत्र दाताले नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य संग्लन गनुपर्ने छ। संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपी , नविकरण गरेको प्रतिलिपी, कर कार्यालयमा दर्ता भएको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संग्लन गरेको हुनुपर्ने छ।

८. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियम अनुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ।

९. आफुले कवोल गरेको वार्षिक अंक रकम एकमुष्ट बुझाई सम्झौता गरेमा १० प्रतिशत छुट दिइनेछ।

१०. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा तिन किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ। बाँकी कबोल अकं बराबरको बैक जमानत

फोन नं.: ०२९-५७०१३१,०२९-५७००४९, वेबसाइट :chainpurmun.gov.np
ई-मेल:chainpurmun@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"
चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
स्था: २०७३
१ नं. प्रदेश, नेपाल

पत्र संख्या:-०७८/०७९
चलानी नं.

पेश गर्नु पर्नेछ । दोस्रो किस्ता रकम २०७८ चैत्र मसान्त , तेस्रो तथा अन्तिम किस्ता रकम २०७९ चैत्र सम्ममा अग्रिम बुझाउनु पर्ने छ । तोकिएको अवधि भित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

११. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन । बढी लिइएको पाइएमा वा लिइएको ठहरिएमा ठेकेदारलाई जरिवाना असुल गरिनेछ र आवस्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिनेछ ।

१२ ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्‍याएमा सो को हर्जना असुल उपर गर्नुका साथै ठेकेदारलाई आवश्यक कारवाही गरिनेछ । साथै बिज्ञापन को लागि राखिने साइनबोड ,पोस्टर ,पम्पलेट तोकिएको क्षेत्रमा मात्र राख्न पाइने छ ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा , छुट, हर्जना सहुलियत माग गर्न पाउने छैन ।

१४. कर, शुल्क, दस्तुर अशुल गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयले तोकेको ढाचाँ र छाँपिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाँई नगरपालिकामा अभिलेख गराई छाँप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१५. कुनैपनि चिट्ठी, तार, टेलिफोन, फ्याक्सबाट आएको शिलबन्दी बोलपत्रलाई मान्यता दिइने छैन ।

१६. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विबाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१८. नेपाल सरकार, प्रदेश सरकार ,यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ ।

१९ यस सुचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

२०. ठेक्का सम्झौता भएपछि अन्य दर्खास्त वालाहरुको धरौटीको रकम फिर्ता दिइनेछ ।

२१.अन्य जानकारीको लागि चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०२९-५७०१३१,०२९-५७००४९, वेबसाइट :chainpurmun.gov.np
ई-मेल:chainpurmun@gmail.com